नेपाल वायुसेवा

# आकाश भैरव
# AAKASH BHAIRAB
*In-House Journal*

Vol. 44, No. 4 Magh-Falgun (2081) February-March (2025)

## निगमको वार्षिक Safety समीक्षा बैठक सम्पन्न

निगमले २०२५ जनवरी २६ मा वार्षिक Safety Review Board (SRB) बैठक सम्पन्न गर्दै संस्थागत उड्डयन Safety प्रति आफ्नो प्रतिबद्धता पुनः पुष्टि गरेको छ । उक्त बैठकमा नेपाल वायुसेवाका उच्च पदस्थ कर्मचारीहरूको सहभागिता रहेको थियो । बैठकमा Safety नीति, जोखिम व्यवस्थापन, अनिवार्य घटनासम्बन्धी रिपोर्टहरु (Mandatory Occurrence Reports), तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Safety मापदण्डहरूसँगको अनुपालनको विस्तृत समीक्षा गरिएको थियो । निगमले आफ्नो Safety नीतिहरु पुनरावलोकन गर्दै तिनलाई अद्यावधिक गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमावलीहरु अनुरूप बनाउने प्रतिवद्धता व्यक्त गरेको छ ।

निगमले Safety रिपोर्टिङमा उल्लेखनीय योगदान दिने तथा Safety संस्कृतिको प्रवर्द्धनलाई अझ प्रभावकारी बनाउन Safety उत्कृष्टता प्रदर्शन गर्ने कर्मचारीहरूलाई सम्मान गरेको थियो । सम्मानित हुने कर्मचारीहरूमा क्याप्टेन रमण घिमिरे, मिगी के.सी., प्रियंका श्रेष्ठ, श्रीधर भण्डारी, गौरवराज ओझा तथा अरूणदिप भट्टराई रहेका थिए ।

## नेपाल वायुसेवा निगम र जापान एयरलाइन्सबिच द्विपक्षीय सम्झौता

नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (RA) र जापानको राष्ट्रिय ध्वजावाहक जापान एयरलाइन्स (JL) बिच व्यापार विस्तारको लागि द्विपक्षीय आपसी सम्झौता Interline Partnership Agreement भएको हो । निगमको सिधा उडान मार्फत् जापानको नारिता अन्तर्राष्ट्रिय विमानस्थलसम्म निगमको जहाजमा र त्यसपछिको छोटो तथा छिटो कनेक्टिङ फ्लाइट मार्फत् विभिन्न अमेरिकी तथा पश्चिमा मुलुक एवं कोरियाको यात्रा गर्न सहज हुने भएको हो । यो सम्झौताअनुसार निगमको टिकटबाट जापान एयरलाइन्स (JL) को Connecting Flight मार्फत् विश्वभरिको अन्तिम गन्तव्य सम्मको लागि यात्रु तथा व्यागेज चेक-इन सुविधा प्राप्त हुनेछ भने त्यसैगरी सोही Network हुँदै विश्वभरिबाट पर्यटकहरु सहज रूपमा नेपाल भ्रमण गर्न सक्ने छन् । यसबाट नेपाल वायुसेवा निगमको व्यापार विस्तार हुनुको साथै समग्र देशको पर्यटन प्रवर्द्धन र विकास तथा विदेशी मुद्रा आर्जनमा टेवा पुग्ने विश्वास लिइएको छ ।




यो सम्झौतापश्चात् नेपाल र जापान दुई देशका राष्ट्रिय ध्वजावाहक मार्फत् एकआपसमा व्यापार विस्तार हुने, यात्रु वर्गको यात्रा सहज तथा किफायती हुने, विश्वभरका विभिन्न मुलुक एवम् जापानका विभिन्न आन्तरिक गन्तव्यसम्म निगमकै टिकटमा विश्व स्तरीय सेवा प्रदान गर्न सकिने छ । यो सहित निगमसँग Passenger Interline Partnership Agreement गर्ने एयरलाइन्सको संख्या २५ पुगेको छ भने Cargo Interline Partnership Agreement गर्ने एयरलाइन्सको संख्या २८ रहेको छ ।

# सम्पादकीय

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम नेपाल र नेपालीप्रति सर्वदा उत्तरदायी संस्था हो । बदलिँदो सन्दर्भमा राज्यको अन्तर्राष्ट्रियस्तरको उपस्थिति थप सशक्त पार्नु पर्ने आवश्यकताबीच राष्ट्रिय ध्वजाबाहकको भूमिका, जिम्मेवारी र महत्वमा थप बढोत्तरी भएको निगमको ठहर हो । राज्यका हरेक आवश्यकता र अफ्ठ्यारोमा आफ्नो निर्णायक उपस्थिति जनाउँदै आएको निगमले आफ्नो स्थापनादेखि नै निरन्तर आन्तरिक तथा अन्तर्राष्ट्रिय गन्तव्यमा राज्यप्रदत्त लोककल्याणकारिताका साथै व्यावसायिक उडान समेतको दायित्व निर्वाह गर्दै आइरहेको छ ।

नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमले आफ्नो Safety नीतिहरु पुनरावलोकन गर्दै तिनलाई अद्यावधिक गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमावलीहरु अनुरूप बनाउने प्रतिवद्धतास्वरूप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय Safety मापदण्डहरूसँगको अनुपालनको विस्तृत समीक्षा गर्दै वार्षिक Safety Review Board (SRB) बैठक सम्पन्न गरेर संस्थागत उड्डयन Safety प्रति आफ्नो प्रतिबद्धता पुनः पुष्टि गरेको छ । यसलाई हवाई सुरक्षाका निम्ति निगम संवेदनशील छ भन्न सकिन्छ ।

नेपाल र जापान दुई देशका राष्ट्रिय ध्वजावाहक मार्फत् एकआपसमा व्यापार विस्तार हुने, यात्रु वर्गको यात्रा सहज तथा किफायती हुने, विश्वभरका विभिन्न मुलुक एवम् जापानका विभिन्न आन्तरिक गन्तव्यसम्म निगमकै टिकटमा विश्व स्तरिय सेवा प्रदान गर्न नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (RA) र जापानको राष्ट्रिय ध्वजावाहक जापान एयरलाइन्स (JL) बिच व्यापार विस्तारको लागि द्विपक्षीय आपसी सम्झौता Interline Partnership Agreement भएको हो । यसबाट नेपाल वायुसेवा निगमको व्यापार विस्तार हुनुको साथै समग्र देशको पर्यटन प्रवर्द्धन र विकास तथा विदेशी मुद्रा आर्जनमा टेवा पुग्ने विश्वास लिइएको छ ।

निगमले सामाजिक उत्तरदायित्वका कामहरु, नागरिकलाई उल्लेख्य सेवा दिने कार्यहरु साथै व्यावसायिक उडानहरु गरेर आफ्नो राज्यप्रतिको उत्तरदायित्व वहन गर्न गरेको छ । विदेशी मुद्रा आर्जन तथा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रमहरूमा निगमले उल्लेख्य सहभागिता जनाउने गरेको छ ।

Globalization ले ल्याएका प्रविधिहरूमा निगमले आफूलाई upgrade गर्दै Enterprise Email System लाई सुरक्षित बनाउनका साथै Storage System मा स्तर वृद्धि गर्ने हेतुले नयाँ Server तथा Infrastructure मा स्थानान्तरण गरी Email System अझै प्रभावकारी तथा सुरक्षित हुने व्यवस्था मिलाएको छ । निगमले सूचना र प्रविधिमा आएको Gram Village Concept लाई आत्मसात् गरेर सेवाग्राहीलाई सुसुचित हुने अधिकारको सुनिश्चितताका लागि नेपाल टेलिकमसँग Bulk SMS agreement गरेको छ । यो पनि निगमले ग्राहकको सूचनाको हक र अधिकारलाई स्थापित गर्न गरेको एउटा प्रयास हो ।

निगम सबै नागरिकको सरोकार भएको संस्था भएका कारण व्यावहारिक, सामाजिक, सांस्कृतिक लगायत सर्वाङ्गीण पक्ष तथा व्यावसायिक हिसाबले आएका सम्पूर्ण गुनासा तथा रचनात्मक सुझाव र सल्लाहलाई आफ्नो ऊर्जाका रूपमा लिएर यिनै अभिप्रेरणात्मक ऊर्जालाई निगमले कार्य मनोवलका रूपमा आत्मसात् समेत गरेको छ, जसको दिर्घकालीन प्रभाव निश्चय नै रचनात्मक, उत्पादनमूलक र अपेक्षाकृत नतिजामा रूपान्तरण हुने विश्वास लिइएको छ ।



निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारी बाबा रामदेवसँग

## सम्पादक मण्डल


प्रधान सम्पादक : अनिल घिमिरे

कार्यकारी सम्पादक : दिक्पाल सुवेदी

सम्पादक : अस्मिता सुवेदी

: कल्पना काफ्ले

विभागीय प्रतिनिधिहरू : गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स

नुमानन्द गौतम, यात्रुसेवा

छायाँ गुरूङ, आन्तरिक लेखा परीक्षण

प्रकाश अधिकारी, ग्राउण्ड सपोर्ट

प्रभा पोखरेल, मानव संशाधन

उदय खत्री, कन्टिन्यूइङ्ग एयर वर्दिनेश मेनेजमेन्ट

यशोदा सिंखडा, बजार व्यवस्थापन

यमराज सिंह, सा.से.तथा सं. व्यवस्थापन

इन्द्र थापा, अर्थ

राजकुमारी के.सी., अपरेशन्स

सञ्जय कुमार देव, क्वालिटि एसुरेन्स



प्रकाशक : बाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा संस्थागत विभाग
नेपाल वायुसेवा निगम
www.nepalairlines.com.np

फोटो सल्लाहकार : हरि गोपाल प्रधान

# Safety Management System (SMS) तालिम सम्पन्न

मानव संशाधन विभाग तालिम शाखाले निगममा कार्यरत अधिकृत छैटौं तहका कर्मचारीहरूलाई Safety Management System (SMS) सम्बन्धी तालिम मिति २०८१ माघ २७ देखि ३० गतेसम्म निगमको केन्द्रीय कार्यालयमा सञ्चालन गरेको थियो । उक्त तालिममा प्रशिक्षकहरु निगमको कर्पोरेट सेफ्टी डिभिजनबाट विकाश थापा, श्रीराज आचार्य र डम्बर राउत रहेका थिए । उक्त तीन दिने तालिममा निगमका ८० जना अधिकृत स्तरका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# Enterprise Email System को स्तर वृद्धि कार्य सम्पन्न

साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभागअन्तर्गत IT Division ले हाल संचालनमा ल्याईरहेको Email System लाई सुरक्षित बनाउनका साथै Storage System मा स्तर वृद्धि गर्ने हेतुले Enterprise Email System लाई नयाँ Server तथा Infrastructure मा स्थानान्तरण गरी Email System अझै प्रभावकारी तथा सुरक्षित हुने व्यवस्था मिलाएको छ । यसले हाल भइरहेको Storage को समस्या समाधान गरी अझै सुरक्षित र व्यवस्थित रूपमा Storage System प्रभावकारी हुने भएको छ ।

# महाशिवरात्रिको अवसरमा निगमद्वारा पशुपतिनाथ मन्दिरको प्राङ्गणमा पानी वितरण

विगत वर्षमाजस्तै निगमले सामाजिक उत्तरदायित्व वहन गर्दै महाशिवरात्रि पर्वको अवसरमा पशुपतिनाथको दर्शन गर्न आउने भक्तजन तथा दर्शनार्थीहरूलाई पशुपतिनाथको मन्दिर परिसरमा खाने पानी वितरण गरेको छ । मन्दिर परिसरमा निगमले स्टल राखेर त्यहीँबाट पानी वितरण गरेको हो । उक्त कार्यक्रममा निगमका संस्थागत विभागका उपनिर्देशक दिक्पाल सुवेदी लगायत विभिन्न विभागका कर्मचारीहरूको उपस्थिति रहेको थियो । निगमले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न समयमा सेवाको भावनाले विभिन्न कार्यक्रमहरु गर्दै आइरहेको छ ।



# पोखरामा त्रिदेशीय पर्यटन प्रबर्द्धन मेला (NICE) मा निगम सहभागी



प्यासिफिक एसिया ट्राभल एशोसिएसन (पाटा) नेपाल च्याप्टरले नेपाल पर्यटन बोर्डको सहकार्य तथा नेपाल वायुसेवा निगम र अन्य साझेदारको सहयोगमा २०८१ फाल्गुण १२ देखि १४ गतेसम्म पोखरामा त्रिदेशीय पर्यटन प्रवर्द्धन मेला NICE-2025 (Nepal India China Expo) कार्यक्रम आयोजना गरेको थियो । निगमको पनि सहभागिता रहेको उक्त कार्यक्रमको उद्घाटन गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय मन्त्री बद्रीप्रसाद पाण्डेले NICE-2025 ले नेपाल भारत र चीनबीचको गहिरो ऐतिहासिक, साँस्कृतिक र आर्थिक सम्बन्धलाई झल्काउने तथा दुई छिमेकी देशको विशाल जनसंख्या र तीव्रगतिमा बढ्दो अर्थतन्त्र तथा दुई देशका पर्यटकलाई नेपालको रमणीय स्थलको भ्रमण गराई न्यानो आतिथ्यबाट पर्यटन प्रबर्द्धन गरी फाइदा लिन सक्ने विचार व्यक्त गर्नुभएको थियो ।

उक्त कार्यक्रममा गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले यस प्रदेशको अथाह पर्यटकीय सम्भावनाको उजागर गर्न र विदेशी पर्यटकलाई आकर्षित गर्न यस्ता कार्यक्रम उपयोगी भएको बताउनु भएको थियो । नेपालका छिमेकी मुलुक भारत तथा चीनबाट पर्यटक आकर्षण गर्ने उक्त कार्यक्रमको उद्धेश्य रहेको थियो । कार्यक्रममा नेपाल पर्यटन बोर्ड, नेपाल वायुसेवा निगम, पोखरा पर्यटन परिषद् र अन्य सरकारी तथा निजी क्षेत्रका साझेदार तथा सरोकारवालासहित १४ देशका ६ सयभन्दा बढी प्रतिनिधिको सहभागिता रहेको कार्यक्रममा नेपालमा पहिलो पटक आयोजना भएको त्रिदेशीय पर्यटन प्रवर्द्धनात्मक कार्यक्रममा नेपाल, भारत र चीनका पर्यटन व्यवसायी, वायुसेवाका प्रतिनिधि, होटल व्यवसायी, इभेन्ट प्लानर लगायत अन्य संघ संस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो ।

उक्त प्रदर्शनीले नेपाल, भारत र चीनका Buyer/Seller तथा यस सम्बद्ध विभिन्न व्यावसायीलाई एकै ठाँउमा ल्याएर व्यावसायिक सम्भावना, अवसर तथा अनुभवका साथै व्यावसायिक साझेदारीका लागि विभिन्न आयामहरु खुला गरेको छ । उक्त कार्यक्रममा Innovation and Leadership in Tourism and Hospitality, China’s Outbound Tourism and its impact on South Asian Destinations, NICE for MICE, Unleashing the power of Tourism, High value Wellness with High Volume Market लगायतका विषयमा विभिन्न वक्ताहरूले कार्यपत्र प्रस्तुत गरेका थिए ।

बाँकी पेज नं. ५ मा

# Bulk SMS सेवा संचालनका लागि सम्झौता सम्पन्न

नेपाल वायुसेवा निगम र नेपाल टेलिकमबिच Bulk Sms सेवा संचालनका लागि मिति २०८१/११/२२ गते दुई पक्षीय सम्झौता भएको छ । नेपाल वायुसेवा निगमले आफ्ना यात्रुहरूलाई प्रभावकारी रूपमा सूचना सम्प्रेषण गर्नुका साथै छिटो छरितो रूपमा निगमका उडानहरु सम्बन्धी सूचना प्रवाह गर्न, निगमका आफ्ना शुभकामना सन्देशहरु पठाउन तथा अत्यन्त जरूरी केही अन्य सूचनाहरु सम्प्रेषण गर्नु परेमा Bulk SMS सेवाका लागि नेपाल वायुसेवा निगम र नेपाल टेलिकमबिच सम्झौता सम्पन्न भएको हो । जसअनुसार नेपाल टेलिकमको नम्वर बाहक सेवाग्रहीको मोबाइलमा तीन महिनामा दशहजारसम्म SMS पठाउन मिल्ने गरी गरिएको सम्झौताले निगमको सूचना प्रवाहमा एकरूपता ल्याउनुका साथै सेवा प्रवाहमा गुणस्तर र पारदर्शिता कायम गर्ने अपेक्षा गरिएको छ ।

# सामाजिक उत्तरदायित्व अन्तर्गत अर्बुद रोगका बिरामीलाई निगमको सहयोग

नेपाल वायुसेवा निगमले आफ्नो हवाइसेवा मार्फत क्यान्सर रोगको उपचारका लागि काठमाडौं दिल्ली काठमाडौं आवत जावत गर्ने विरामी र विरामीको कुरूवा लाई टिकट उपलब्ध गराउँदै आएको छ । Nepal Cancer Relief Society को सिफारिसमा नेपाल वायुसेवा निगमले क्यान्सरका विरामीलाई प्रथम दोस्रो र तेस्रो चरणमा गरेर क्रमशः १००, ५० र २५ प्रतिशत छुटमा टिकट उपलब्ध गराउँदै आएको छ । यसैअन्तर्गत नेपाल वायुसेवा निगमको केन्द्रीय कार्यालयको अन्तर्राष्ट्रिय बिक्री कक्षबाट प्राप्त जानकारीअनुसार उक्त टिकट २०२५ को जनवरी महिनामा ७० जना विरामीले १०० प्रतिशत, ६३ जना विरामीका कुरुवाले ५० प्रतिशत र फेब्रुअरी महिनामा ६८ जना विरामीले १०० प्रतिशत, ५५ विरामीका कुरूवाले ५० प्रतिशत छुटको टिकट सुविधा लिएका थिए ।

# फ्रान्समा निगमका इन्जिनियरहरूलाई XG06, Weight and Balance Engineer Course सम्बन्धी तालिम



निगमका अपरेशन्स इन्जिनियरहरु एयरबस ट्रेनिङ्ग सेन्टर, फ्रान्समा फेब्रुअरी ३ देखि ७ सम्म XG06, Weight and Balance Engineer Course सम्बन्धी तालिममा सहभागी भएका थिए । एयरबस जहाजको निर्माता कम्पनीले निर्धारण गरेको यस तालिममा Balance Chart र AHM 560/565 अनुसार Weight Limitation र Center of Gravity (CG) सम्बन्धी दस्तावेजहरु समेटिएका छन् । यो कोर्समा समावेश भएका एयरबसको Weight and Balance का आधारभूत तत्वहरु, विमानका विशेषता र सम्पूर्ण कागजातहरु साथै सन्तुलन चार्ट तयार पार्ने, संचालन सीमाहरु निर्धारण गर्ने र CG सीमा परिभाषित गर्ने Airbus विधिहरु साथै अन्तिम समयमा हुने परिवर्तन (Last minute change) तथा CG Optimization जस्ता पक्षहरु समेटिएका छन् । यसमा सहभागी हुने अपरेशन्स इन्जिनियरहरु प्रशान्त पौडेल, डम्बर राउत र निश्मा श्रेष्ठ रहेका थिए ।



निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीसँग युनियनका पदाधिकारीहरूको छलफल

# Grooming and Skills for Professional Drivers सम्बन्धी तालिम सम्पन्न

निगमको तालिम शाखाले निगममा कार्यरत ९१ जना सवारी चालकलाई "Grooming and Skills for Professional Drivers" सम्बन्धी तालिम २०८१ फागुन १४ देखि १६ गतेसम्म कुलेश्वर तालिमकेन्द्रमा सञ्चालन भएको थियो । National Management Service (NMS) को सहकार्यमा भएको उक्त तालिममा प्रशिक्षकहरु उत्तम आचार्य, अचला दाहाल, ज्ञानबहादुर माझी र रामकुमार खड्का रहनुभएको थियो । ज्ञानबहादुर माझी र रामकुमार खड्काले ट्राफिक नियमसम्बन्धी प्रशिक्षण दिनुभएको थियो । उक्त तालिममा सवारी चालकहरुको सीप विकास, व्यक्तित्व विकास, ट्राफिक नियमहरुको ज्ञान तथा यात्रु सेवा सुधार, सुरक्षित ड्राइभिङ प्रविधि, आपतकालीन परिस्थितिमा अपनाउनुपर्ने उपायहरु, इन्धन बचत गर्ने तरिका र सवारी मर्मतसम्भार सम्वन्धी ज्ञान प्रदान गरिएको थियो ।



## पोखरामा त्रिदेशीय पर्यटन प्रबर्द्धन मेला....

सो अवसरमा निगमले आफ्ना हवाई गन्तव्यहरु तथा सेवा सुविधाको बारेमा जानकारी गराउनका साथै निगमले उपलब्ध गराउँदै आएको गन्तव्यको प्रचार प्रसार तथा प्रबर्द्धन गर्दै विभिन्न देशबाट आउनुभएका buyer लाई निगमको उडानको माध्यमबाट पर्यटक आगमनका लागि सहकार्य गर्न समेत अनुरोध गरिएको थियो । यसका साथै निगमको प्रचार प्रसार गर्ने गरी राखिएको स्टलबाट विभिन्न Souvenir समेत वितरण गरिएको थियो । उक्त एक्स्पोमा निगमका संस्थागत विभाग निर्देशक अनिल घिमिरेको नेतृत्वमा संस्थागत विभागबाट अस्मिता सुवेदी र पुजा अधिकारी तथा बजार व्यवस्थापन विभागबाट सुनिता अधिकारी र शान्ता भट्टराईको सहभागिता रहेको थियो ।

## विभागीय समाचार

### मानव संशाधन विभाग

**पौष, २०८१**

**राजिनामा**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री महेश्वरमान डंगोल | ९ | बरिष्ठ कप्तान |
| २ | श्री टिका बहादुर काउचा | ५ | बरिष्ठ प्राविधिक |
| ३ | श्री सुन्दर भण्डारी | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| ४ | श्री ललित रावल | ६ | लेखा अधिकृत |
| ५ | श्री पुर्ण कुमार पुलामी | ६ | अधिकृत |
| ६ | श्री रिचेश शर्मा | ६ | प्राविधिक अधिकृत |

**अवकाश**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री सुधन कुमार श्रेष्ठ | ८ | का.मु. उपनिर्देशक |
| २ | श्री किरण मान श्रेष्ठ | ८ | प्रवन्धक |
| ३ | श्री सुभाष प्रधान | ९ | का.मु. निर्देशक |
| ४ | श्री सुरेन्द्र सिखाकार | ६ | अधिकृत |

**माघ, २०८१**

**राजिनामा**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री सागर अर्याल | ५ | बरिष्ठ प्राविधिक |
| २ | श्री प्रमोद राज पौडेल | ८ | बरिष्ठ को-पाईलट |
| ३ | श्री रमेश कुमार पाण्डे | ७ | बरिष्ठ अधिकृत |
| ४ | श्री सुन्दर नेउपाने | ६ | अधिकृत |
| ५ | श्री मनोज जोशी | ४ | सहायक |
| ६ | श्री नारायण चापागाई | ५ | बरिष्ठ सहायक |
| ७ | श्री केशव कुमार घिमिरे | ६ | लेखा अधिकृत |

**अवकाश**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री विकाश श्रेष्ठ | ७ | बरिष्ठ अधिकृत |
| २ | श्री न्हुच्छे बहादुर महर्जन | ७ | का.मु.प्रवन्धक |

## Internal Audit Department

**Following task as listed below were on going during the period of Poush-Magh 2081**

1. Operation Department audit on going.
2. Marketing Department audit on going.
3. Human Resource Department audit on going.
4. Corporate safety division audit on going.

## Ground Support Department

**Major Achievement Magh-Falgun 2081**


१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा निगमले Customer Airlines लाई प्रदान गर्दै आएको भुमिस्थ सेवा प्रवाहको सम्बन्धमा एयरलाइन्स तथा सम्बन्धित संस्थाबाट Ground Handling Audit हुने गरेकोमा Indigo Airlines र Srilankan Airlines बाट Audit सम्पन्न भएको र Audit पश्चात्का Finding/Observations लाई दिइएको समय सीमा भित्र नै Close गरिएको छ ।


२. Pokhara International Airport मा Ground Handling कार्यको तयारीको लागि गृहकार्य भईरहेको ।

३. त्रि.अ.वि मा Air India ले Self Handling गर्दै आएकोमा अन्य विदेशी वायु सेवाहरूको जस्तै Air India का उडानहरूलाई पनि ने.वा.नि ले नै Commercial Handling Service उपलब्ध गराउने सम्बन्धी प्रस्ताव स्वीकृति संचालक समितिमा पेश गरिएकोमा संचालक समितिको स्वीकृतिमा सो प्रकृया अगाडि बढिरहेको ।

# 1. Traffic statistics for the month of Poush-Magh 2081


## A. International Sector




*Source: Post Flight Information Report*

# 2. Market share of NAC- International sector (Poush-Magh 2081)




*Source: Customer Service Department*

**Note: The above data excludes data from Air India.**

### Operations Department

## Performance Report of Flights from Kathmandu

### for the month of Mangsir & Poush, 2081

| Fleet | 9N-AKW | | 9N-AKX | | 9N-ALY | | 9N-ALZ | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Month | Mangshir | Poush | Mangshir | Poush | Mangshir | Poush | Mangshir | Poush | Mangshir | Poush |
| Reliability% | 100.00% | 100.00% | 100.00% | 100.00% | 100.00% | 100.00% | 95.83% | 100.00% | 100.00% | 100.00% |
| Punctuality% | 47.83% | 66.67% | 52.00% | 65.38% | 51.28% | 68.97% | 39.13% | 60.71% | 47.56% | 65.43% |

# DUTY ROSTER OF NAC CLINIC DOCTORS

**Effective from 13th February 2025**

| S.N. | NAME OF DOCTORS | SUNDAY | MONDAY | TUESDAY | WEDNESDAY | THURSDAY | FRIDAY |
|---|---|---|---|---|---|---|---|
| 1. | **Dr. SUBODH KUMAR ADHIKARI**<br>Senior Surgeon<br>NMC : 1095<br>Mobile No. 9851037056 | | 12:00-13:00 | 12:00-13:00 | 12:00-13:00 | | |
| 2. | **Dr. RANJEET S. BARAL**<br>Consultant Cardiologist/AME & General Physician<br>NMC: 1516<br>Mobile No. 9851053577 | 14:00-15:00 | 14:00-15:00 | | | 14:00-15:00 | |
| 3. | **Dr. NANDITA GHIMIREY**<br>Family Medicine<br>NMC: 2784<br>Mobile No. 9841777677 | | 15:00-16:00 | 15:00-16:00 | 15:00-16:00 | | |
| 4. | **Dr. KAVITA ADHIKARI**<br>Consultant Gynecologist<br>NMC: 3679<br>Mobile No. 9851176411 | 15:00-16:00 | | 14:00-15:00 | 14:00-15:00 | | |
| 5. | **Dr. LOCHAN KARKI**<br>Consultant Physician<br>NMC: 4687<br>Mobile No. 9851056689 | | | 16:00-17:00 | | 15:00-16:00 | 13:00-14:00 |
| 6. | **Dr. GYANENDRA SHAH**<br>Senior Consultant,Orthopedic Surgeon<br>NMC: 4723<br>Mobile No. 9851029425 | | 13:00-14:00 | | | 13:00-14:00 | 12:00-13:00 |
| 7. | **Dr. BISHWA RAJ DAWADI**<br>Consultant Family Physician<br>NMC: 4996<br>Mobile No. 9841226322 | 13:00-14:00 | | 13:00-14:00 | 13:00-14:00 | | |
| 8. | **Dr. SHIVAJI BIKRAM SILWAL**<br>Consultant Cardiologist<br>NMC: 6335<br>Mobile No. 9801022997 | 16:00-17:00 | | | 16:00-17:00 | | 14:00-15:00 |
| 9. | **Dr.ASMITA ARYAL**<br>Consultant, General Practice and Emergency Medicine<br>NMC: 23121<br>Mobile No.9849512493 | 11:00-12:00 | | 11:00-12:00 | 11:00-12:00 | | |

## Nepal Airlines Corporation
## Ground Support Department
## Cleaning Section

# LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year | Months | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. pcs. | HOV to Airlines | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | | Staff | Crew | Police/security | Paxs | |
| 1 | 2081 | Poush | 4 | 0 | 6 | 6 | 0 | 2 | 0 | 18 | 36 | 16 | 9 | 11 | | |
| 2 | 2081 | Magh | 6 | 1 | 5 | 4 | 0 | 0 | 0 | 12 | 28 | 17 | 9 | 2 | | |
| **Total** | | | **10** | **1** | **11** | **10** | | **2** | **0** | **30** | **64** | **33** | **18** | **13** | | |

**नोटः**

उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग क्लिनिङ शाखा अन्तर्गत विमान स्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले भेट्टाएर सम्बन्धित ठाँउमा बुझाएका सामानहरू हुन् ।

**Details**

Mob : Mobiles
Cam : Different types of movie and still camera/watch.
Mny : Money and wallets
ipd : i-phone, i-pod, i-pad, tablets, Laptop etc.
Gld : Gold and ornaments
Elx : Other electronic appliances/items, games, pendrives, Powr Bank etc.
Hov : Handed over to the related airlines (staff, crew, passengers)
PP : Passport

# NEPAL AIRLINES CORPORATION
## MARKETING DEPARTMENT
## TRAFFIC AND REVENUE PERFORMANCE OF SCHEDULE FLIGHTS OF DOMESTIC & INTERNATIONAL STATIONS
### As of Magh & Falgun, 2081

| Region | Magh 2081 | | | | Falgun 2081 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | - | - | - | - | - | - | - | - | - | - |
| **Domestic Total** | - | - | - | - | - | - | - | - | - | - |
| KTM-NRT | 2,822 | 179,416,824 | 34,546,460 | **213,963,284** | 2,935 | 225,730,020 | 19,262,340 | 244,992,360 | 5,757 | **458,955,644** |
| NRT-KTM | 2,998 | 182,778,856 | 4,707,296 | **187,486,152** | 2,989 | 196,729,208 | 4,439,072 | 201,168,280 | 5,987 | **388,654,432** |
| KTM-DXB | 2,033 | 77,375,664 | 358,090 | **77,733,754** | 2,391 | 96,537,428 | 3,828,270 | 100,365,698 | 4,424 | **178,099,452** |
| DXB-KTM | 1,806 | 34,111,528 | 516,870 | **34,628,398** | 2,327 | 56,394,146 | 1,458,540 | 57,852,686 | 4,133 | **92,481,084** |
| KTM-DEL | 7,609 | 74,511,654 | 2,514,290 | **77,025,944** | 7,435 | 84,716,110 | 2,878,730 | 87,594,840 | 15,044 | **164,620,784** |
| DEL-KTM | 8,010 | 69,773,788 | 1,132,224 | **70,906,012** | 7,699 | 87,359,446 | 1,955,712 | 89,315,158 | 15,709 | **160,221,170** |
| KTM-KUL | 1,020 | 26,954,660 | 2,040,900 | **28,995,560** | 1,830 | 47,768,640 | 3,333,102 | 51,101,742 | 2,850 | **80,097,302** |
| KUL-KTM | 1,999 | 54,542,662 | 202,440 | **54,745,102** | 1,767 | 54,420,891 | 375,648 | 54,796,539 | 3,766 | **109,541,641** |
| KTM-DOH | 4,589 | 133,204,412 | 1,178,760 | **134,383,172** | 4,506 | 135,834,848 | 1,591,018 | 137,425,866 | 9,095 | **271,809,038** |
| DOH-KTM | 4,872 | 84,743,036 | 8,097,192 | **92,840,228** | 4,321 | 84,414,028 | 5,421,582 | 89,835,610 | 9,193 | **182,675,838** |
| KTM-BKK | 1,042 | 23,952,216 | 331,948 | **24,284,164** | 1,500 | 37,078,000 | 612,700 | 37,690,700 | 2,542 | **61,974,864** |
| BKK-KTM | 1,003 | 28,538,644 | 578,880 | **29,117,524** | 1,173 | 34,617,804 | 1,649,808 | 36,267,612 | 2,176 | **65,385,136** |
| KTM-HKG | 635 | 22,821,620 | 1,106,160 | **23,927,780** | 983 | 33,089,196 | 1,021,560 | 34,110,756 | 1,618 | **58,038,536** |
| HKG-KTM | 560 | 25,045,720 | 3,192,260 | **28,237,980** | 655 | 27,375,460 | 3,319,080 | 30,694,540 | 1,215 | **58,932,520** |
| KTM-BOM | 552 | 7,105,696 | 77,970 | **7,183,666** | 928 | 14,747,844 | 137,815 | 14,885,659 | 1,480 | **22,069,325** |
| BOM-KTM | 594 | 6,563,848 | 498,400 | **7,062,248** | 871 | 12,484,092 | 372,256 | 12,856,348 | 1,465 | **19,918,596** |
| KTM-BLR | 1,120 | 18,061,060 | 22,650 | **18,083,710** | 740 | 13,006,520 | 67,950 | 13,074,470 | 1,860 | **31,158,180** |
| BLR-KTM | 1,199 | 16,418,388 | 180,340 | **16,598,728** | 861 | 14,901,204 | 211,340 | 15,112,544 | 2,060 | **31,711,272** |
| KTM- DMM | 493 | 19,897,680 | 4,574 | **19,902,254** | 697 | 29,575,220 | 31,838 | 29,607,058 | 1,190 | **49,509,312** |
| DMM-KTM | 476 | 7,823,280 | 218,400 | **8,041,680** | 667 | 15,152,100 | 211,400 | 15,363,500 | 1,143 | **23,405,180** |
| KTM-BWA-DXB | - | - | - | - | 2 | - | - | - | 2 | - |
| **Intl Total** | **45,432** | **1,093,641,236** | **61,506,104** | **1,155,147,340** | **47,277** | **1,301,932,205** | **52,179,761** | **1,354,111,966** | **92,709** | **2,509,259,306** |
| **Grand Total** | **45,432** | **1,093,641,236** | **61,506,104** | **1,155,147,340** | **47,277** | **1,301,932,205** | **52,179,761** | **1,354,111,966** | **92,709** | **2,509,259,306** |

**Note:**
1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated from operated schedule flights.
4. Charter Flights are not included in above data.